पैयूँ गाउँपालिका, हुवास पर्वत

गाउँसभाको १४ औं अधिवेशन

बैठक संख्या:-१

समय:- दिउसो १:०० बजे

पैयूँ गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूको अध्यक्षतामा मिति २०८१ आषाढ ७ गते बसेको गाउँसभाको १४ औं अधिवेशनबाट देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव:

१ गाउँकार्यपालिकाको मिति २०८१/०३/०४ गतेको बैठकबाट स्वीकृत आगामी आ.व.०८१/८२ को नीति तथा कार्यक्रम सभाअध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभामा प्रस्तुत गर्ने ।

निर्णय:

२ सभाध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभाको बैठकमा प्रस्तुत अनुसूची -१ बमोजिमको पैयूँ गाउँपालिकाको आगामि आ.व.०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम उपर छलफल गरी सर्वसम्मत पारित गरियो ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

अनुसूची - १

सभासदस्यज्यूहरु, पैयूँ गाउँपालिकाको गरिमामय गाउँसभाको १४ औं अधिवेशनमा आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु ।

१ यस अवसरमा लोकतन्त्र प्राप्ति तथा विभिन्न राजनीतिक, सामाजिक एवम आर्थिक परिवर्तनको आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका घाइते तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

सभा सदस्यज्यूहरु,

२ नेपालको संविधानले तिन सरकारको परिकल्पना गर्दै राज्यको पुनसंरचना सहित संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरेपछि सम्पन्न भएको स्थानीय तहको दोस्रो निर्वाचन २०७९ बाट पैयूँ गाउँपालिकाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित गराउनुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै यस्तो महत्वपूर्ण कार्यसम्पादन गर्ने अवसर प्राप्त भएकोमा यस गाउँपालिकाका सम्पूर्ण गाउँबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु । यहाँहरुको अपार माया, विश्वास र समर्थनको जगमा "**समृद्ध पैयूँ**"को परिकल्पना पुरा गर्ने दृढ विश्वास र दरिलो प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

तोरण मल्ल ठकुरी

अध्यक्ष

Scanned with CamScanner

पैयूँ गाउँपालिका, हुवास पर्वत

गाउँसभाको १४ औं अधिवेशन

बैठक संख्या:-२ समय:- दिउसो १:३० बजे

पैयूँ गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूको अध्यक्षतामा मिति २०८१ आषाढ ७ गते बसेको गाउँसभाको १४ औं अधिवेशनबाट देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

प्रस्तावहरु:

१ गाउँकार्यपालिकाको मिति २०८१/०३/०४ गतेको बैठकबाट आ.व.०८१/८२ को लागि स्वीकृत भएको आर्थिक विधेयक, २०८१ उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत गर्ने ।

२ गाउँकार्यपालिकाको मिति २०८१/०३/०४ गतेको बैठकबाट आ.व.०८१/८२ को लागि स्वीकृत भएको बजेट तथा कार्यक्रम उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत गर्ने।

३ गाउँकार्यपालिकाको मिति २०८१/०३/०४ गतेको बैठकबाट आ.व.०८१/८२ को लागि स्वीकृत भएको विनियोजन विधेयक, २०८१ उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत गर्ने।

निर्णयहरु:

१ उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत अनुसूची -१ बमोजिमको आर्थिक विधेयक, २०८१ सर्वसम्मत पारित गरियो ।

२ उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत अनुसूची -२ बमोजिमको आ.व.०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रम सर्वसम्मत पारित गरियो ।

३ उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत अनुसूची -३ बमोजिमको विनियोजन विधेयक, २०८१ सर्वसम्मत पारित गरियो ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३



Scanned with CamScanner

पैयूँ गाउँपालिका, हुवास पर्वत

गाउँसभाको १४ औं अधिवेशन

बैठक संख्या:-३ समय:- दिउसो ३:३० बजे पैयूँ गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूको अध्यक्षतामा मिति २०८१ आषाढ ७ गते बसेको गाउँसभाको १४ औं अधिवेशनबाट देहाय वमोजिमका प्रस्ताव माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव:

१ गाउँकार्यपालिकाको मिति २०८१/०३/०४ गतेको बैठकबाट स्वीकृत खानेपानी तथा सरसफाई र स्वच्छता विधेयक,२०८१ उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत गर्ने ।

निर्णय:

२ उपाध्यक्ष श्री यामकुमारी रानाद्वारा गाउँसभामा प्रस्तुत अनुसूची -१ वमोजिमको खानेपानी तथा सरसफाई र स्वच्छता विधेक, २०८१ उपर छलफल गरी सर्वसम्मत पारित गरियो।

अनुसूची - १

प्रस्तावना:

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम यस पैयूँ गाउँपालिकाको १४ औं गाउँ सभाले यो ऐनको तर्जुमा गरेको छ ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष



Scanned with CamScanner

पैयूँ गाउँपालिका, हुवास पर्वत

गाउँसभाको १४ औं अधिवेशन

बैठक संख्याः-४ समयः- दिउसो ४:०० बजे पैयूँ

गाउँपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूको अध्यक्षतामा मिति २०८१ आषाढ ७ गते बसेको गाउँसभाको १४ औं अधिवेशनबाट देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

<u>प्रस्तावहरुः</u>

१ आ.व.०८०/८१ को पैयूँ गाउँकार्यपालिकाको सम्पूर्ण बैठकका निर्णयहरुको अनुमोदन प्रस्ताव सभाअध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभामा प्रस्तुत गर्ने ।

२ आ.व.०८०/८१ का लागि १२ औं र १३ औं गाउँसभाले विनियोजन गरेका अनुसूची -१ बमोजिमका कार्यक्रमहरुको संशोधन प्रस्ताव र आ.व.०८०/८१ को आय व्ययको अनुमोदन प्रस्ताव सभाध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभामा प्रस्तुत गर्ने

३ आ.व.०८०/८१ मा पैयूँ गाउँपालिकाको न्यायीक समितिबाट भएका कार्यहरुको प्रगतिको अनुमोदन प्रस्ताव उपाध्यक्ष श्री यामकुमारी रानाज्यूबाट गाउँ सभामा प्रस्तुत गर्ने ।

<u>निर्णयहरुः</u>

१ सभाध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभामामा प्रस्तुत आ.व.०८०/८१ को पैयूँ गाउँकार्यपालिकाको सम्पूर्ण बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२ सभाध्यक्ष श्री तोरण मल्ल ठकुरीज्यूबाट गाउँसभामामा प्रस्तुत आ.व.०८०/८१ का लागि १२ औं र १३ औं गाउँसभाले विनियोजन गरेका अनुसूची -१ बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन गरी आ.व.०८०/८१ को हाल सम्मको अनुसूची- २ बमोजिमको आय व्यय अनुमोदन गरियो ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

Scanned with CamScanner